# साना सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७४

**प्रस्तावना**

माडी नगरपालिका भित्र सिंचाई क्षेत्र विस्तार, कृषिको उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्न र कृषिमा माडीलाई आत्मनिर्भर बनाउन माडी क्षेत्रका सम्पुर्ण खेतीयोग्य जग्गामा सिंचाई पुर्वाधार विकास गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१). यो कार्यविधिको नाम "**साना सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"समूह"** भन्नाले माडी नगरपालिकामा प्रचलित कानून वमोजिम रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्छ ।

(ख) **"फर्म"** भन्नाले प्रचलित कानून वमोजिम सरकारी कार्यालयमा दर्ता भई संञ्चालनमा रहेका फर्म,कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ग) **"समिति"** भन्नाले यस कार्यबिधिको दफा ७ वमोजिम गठित प्रस्ताब छनोट तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(घ) **"शाखा"** भन्नाले माडी नगरपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले साना सिंचाइ कार्यक्रम सम्झनु पर्छ ।

(च) **"साना सिंचाई"** भन्नाले कम्तिमा १० (दश) कट्ठा क्षेत्रफलमा सिंचाई सुविधा पुग्ने गरी सञ्चालन गरिएको सिंचाई कार्यक्रमलाई संम्झनु पर्छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७४

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

३. **कार्यक्रमको उद्देश्य:** साना सिंचाइ कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ:

(क) विभिन्न कृषिबाली तथा बस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) कृषि क्षेत्रलाई आधुनिक, व्यंवसायिक एवंम प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुर्याउने ।

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सृजना गर्ने ।

(घ) कृषिमा समूह तथा फर्महरुलाई आकर्षित गरी एकिकृत खेती प्रणाली विकास गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम सञ्चालन प्रकृया

४. **प्रस्ताव आव्हान गर्ने:** (१) नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको क्रममा कृषि समूह तथा फर्महरुबाट माग संकलन गर्नका लागि बढिमा ३० दिने सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्न अनुसूची १ बमोजिमको ढाँचा प्रयोग गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा म्याद थप गरी सूचना पुनःप्रकाशन गर्न बाधा पर्ने छैन ।

५. **प्रस्ताव पेश गर्ने:** (१) दफा ४ बमोजिम प्रस्ताव आव्हान भएपछि इच्छुक समूह वा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन फाराम र अनुसूची ३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरीसूचनामा तोकिएको अवधिभित्र आवेदन शाखामा पेश गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम माडी नगरपालिकामा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म वा कृषक समूहले साना सिंचाइ कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा समूह वा फर्मले कम्तीमा १ बिगाहा जग्गामा खेती गर्ने योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. **शाखा जिम्मेवार हुने:** कार्यक्रम सञ्चालनका लागि प्रमुख जिम्मेवारी शाखाको रहनेछ ।

७. **प्रस्ताब मूल्याङ्कन तथा छनोट समिति रहने:** (१) तोकिएको समय सिमा भित्र बिधिवत् रुपमा पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन गरी समूह तथा फर्मको छनोट गर्नका लागि देहायवमोजिमको प्रस्ताव मूल्यांकन तथा छनोट समिति रहनेछ:

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कृषि तथा सहकारी समिति संयोजक -सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य

(ङ) कृषि शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) रीतपूर्वक पर्न आएका आवेदनहरुको जाँचबुझ गर्ने ।

(ख) आवेदनसाथ पेश भएका प्रस्तावको मूल्यांकन गर्ने ।

(ग) आवेदन पेश गर्ने आवेदक समूह तथा फर्मको निरीक्षण तथा अनुगमन गर्ने, गराउने ।

(घ) आवेदन, प्रस्ताव र निरीक्षण एवम् अनुगमन समेतका आधारमा कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्ने ।

८. **प्रस्ताव मुल्याङ्कन छनोट र सम्झौता प्रक्रिया:** (१)प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ७ को उपदफा (१) बमोजिमको समितिबाट मुल्याङ्कनहुनेछ । त्यसरी प्रस्ताव मूल्यांकन गर्दा अनुसूची ४ बमोजिमको मापदण्डका आधारमा गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा आबेदनसाथ संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिने छ ।

(३) समितिले आबश्यकता अनुसार अनुसुची-४ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ ।

(४) प्रारम्भिक छनोटमापरेका प्रस्तावहरुको अनुसुची ४ बमोजिमका आधारमा स्थलगत निरिक्षण गरीमुल्याङ्कन गर्नुपर्नेछ ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको बिवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मात्र मूल्याङ्कनगरिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(६) कार्यक्रम सञ्चालनका लागि समूह तथा फर्म छनोट गर्दा जम्मा संख्याको बीस प्रतिशत हुने गरी वैकल्पिक समूह र फर्म समेत छनोट गरिनेछ ।

(७) छनोट भएका समूह वा फर्मले समयमै कार्यक्रम सञ्चालन नगरेमा उपदफा (६) बमोजिमको वैकल्पिक समूह वा फर्मलाई नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनका लागि अनुमति दिनेछ ।

९. **कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइने:** (१) कार्यक्रम सञ्चालनका लागि हेड, सकेट, निप्पल, पाईप, मोटर लगायतका आवश्यक उपकरण/सामाग्रिहरु खरिद तथा वेस ढलान, बोरिङ्ग गाड्ने आदि प्राविधिकले तयार पारेको स्टेमेट अनुसारका क्रियाकलापहरुमा नगरपालिकाले ५० प्रतिशत अनुदान उपलब्ध गराउने छ ।

(२) उपदफा (१) मा उल्लेखित कृयाकलापहरु मध्ये कुल रकमको ५० प्रतिशत रकम बराबरको सामाग्री नगरपालिकाले खरिद गरी छनोटमा परेका कृषकलाई भर्पाइ मार्फत उपलब्ध गराउन सक्नेछ । यसरी उपलब्ध गराउँदा अनुदानग्राहीले व्यहोर्नुपर्ने बाँकी ५० प्रतिशत रकम बराबरको काम सम्पन्न गरेको हुनुपर्नेछ ।

## परिच्छेद -३

## सम्झौता र अनुदान प्रवाह प्रकिया

१०. **लागत इस्टिमेट र सम्झौता :** (१). प्रस्ताव छनोट पश्चात समूह वा फर्मले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्वेक्षण गराएर लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नुपर्नेछ ।

(२) स्वीकृत इस्टिमेटको आधारमा नगर कार्यपालिकाको कार्यालय र समूह वा फर्मबीच अनुसुची-५ बमोजिमको सम्झौता गरिनेछ ।

(३) समूह वा फर्मले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होर्डिङ्ग वोर्ड सर्वसाधरणले देख्नेगरी राख्नु पर्नेछ ।

(४) लागत इस्टिमेट तयार गर्दा कुल अनुदानको ३% रकम कन्टीजेन्सी स्वरुप राख्न सकिनेछ ।

११. **खर्च सम्बन्धी ब्यबस्था :** (१) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने अनुदान रकम तथा खर्च यस कार्यबिधिमा तोकिएबमोजिम हुनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

गढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर चितवन
बागमती प्रदेश नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(२) समूह वा फर्मलाई कामका प्रगति अनुसार कार्य सम्पन्नता पश्चात सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ । सामाग्रीको हकमा भरपाइ गरि हस्तान्तरण गर्न सकिनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्तावित योजना र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा ५० प्रतिशत वा अधिकतम रु. पच्चीस हजार मात्र अनुदान रकम वा सो बराबरको सामाग्री उपलब्ध गराइनेछ ।

(४) नगरपालिकाले विपन्नता पहिचान गरि परिचयपत्र वितरण गरेका किसानको हकमा दफा १० को उपदफा ३ बाध्यकारी हुने छैन ।

## परिच्छेद -४
## अनुगमन तथा बिबिध

१२. **अनुगमन र मुल्याङ्कनः**(१) कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) उपदफा (१) को अतिरिक्त माडी नगर कार्यपालिकाको कार्यालय र शाखाबाट समेत अनुगमन तथा निरीक्षण कार्य गरिनेछ ।

१३. **बिमा :** व्यबसायिक रुपमा खेती गरिने बालीको सम्भाब्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम र कार्यबिधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१५. **संशोधन गर्न सकिनेः** यस कार्यविधिमा कुनै हेरफेर वा थपघट गर्नु परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१६. **खारेजी र बचाउः**(१) साना सिंचाइ कार्यक्रमका सम्बन्धमा यस अघि भएका कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७४

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**अनुसुची-१**

**(दफा (४) को उपदफा (क) सँग सम्बन्धित )**

**साना सिंचाई कार्यक्रम सम्बन्धी प्रस्ताब आव्हानको सुचना**

**साना सिंचाई कार्यक्रम सम्बन्धीसूचना !**

यस माडी नगरपालिका, नगरकार्यपालिकाको चालू आ.ब ......... को स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस आर्थिक बर्षलाई सिंचाई बर्ष घोषणा गरिएको सन्दर्भमा साना सिंचाई संरचना निर्माण तथा विस्तारको प्रस्ताव माग गर्ने उद्देश्यले साना सिंचाइ कार्यक्रम (२ ईन्च वोरिङ) का लागि इच्छुक कृषि फर्म तथा कृषि समूहहरुबाट दरखास्त आब्हानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ...... दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फागम भरी तपशिल अनुसारका कागजातहरु संलग्न राखी माडी नगरपालिका कृषि शाखामा दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ ।

**तपशिल**

| क.स | कार्यकमको नाम | नगरपालिकाको तर्फबाट अधिकतम साझेदारी रकम तथा प्रतिशत | साझेदारको तर्फबाट साझेदारी रकम तथा प्रतिशत | अनुदानमा संचालन गर्न सकिने कार्यक्रमहरु |
|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम (२ इन्च बोरिङ) | लागतको ५० % वा बढीमा रु. ............ | लागतको ५० % | हेड, पाइप, मोटर, गाड्ने लागत, आदी |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्ताव पत्र
२. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
३. गत आ.व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा लेखा परीक्षणको प्रतिलिपी
४. प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको सम्वन्धमा वैठकको निर्णय प्रतिलिपी
५. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र
६. खेती गरिने जमिनको लालपुर्जाको प्रतिलिपी/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्षको करारनामा प्रतिलिपी
७. सम्वन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको जग्गाको हकमा सम्विन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
८. कार्यक्रम संचालनका लागि वडा कार्यालयको सिफारिस पत्र

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

(अनुसुची २)

**(दफा ५ को उपदफा (ख) सँग सम्बन्धित ।**

**आबेदन फाराम तथा संलग्न गर्नु पर्ने कागजातहरु**

श्री कृषि शाखा,
माडी नगरपालिका, चितवन ।

**विषय :- साना सिंचाई माग सम्बन्धमा ।**

प्रस्तुत विषयको सन्दर्भमा मेरो/हाम्रो कृषि फर्म/कृषक समुहबाट चितवन जिल्ला, माडी नगरपालिका, वडा नं. ........... , ........................................ठाउँ/टोलमा साना सिंचाई कार्यक्रम अन्तंगत ...................... क्षेत्रफलमा सिंचाई सुविधा पुऱ्याइ व्यवसायिक रुपमा .......................................गर्ने लक्ष्य रहेकोले सोका लागी साना सिंचाई कार्यक्रमको आवश्यकता भएको हुदाँ तपशिल बमोजिमको कागजात राखि निवेदन पेश गरेको छु /छौं ।

**संलग्न कागजातहरु :**

१. कार्यालयबाट उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्ताव पत्र
२. संस्था दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
३. गत आ.व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा लेखा परीक्षणको प्रतिलिपी
४. प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको सम्वन्धमा बैठकको निर्णय प्रतिलिपी
५. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र
६. खेती गरिने जमिनको लालपुर्जाको प्रतिलिपी/लिजमा लिएको जमिन भए कम्तिमा ५ वर्षको करारनामा प्रतिलिपी
७. सम्वन्धित व्यक्तिले भोगचलन गरेको तर लालपुर्जा नभएको जग्गाको हकमा सम्विन्धित वडा कार्यालयको स्वीकृति वा सिफारिस पत्र
८. कार्यक्रम संचालनका लागि वडा कार्यालयको सिफारिस पत्र

**निबेदक**

दस्तखत
नाम थर :
पद :
सम्पर्क नं. :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

**कृषि फर्म/कृषक समुहको**

नाम :
ठेगाना :
अध्यक्षको नाम :
अध्यक्षको सम्पर्क नं.:
छाप :

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

## अनुसुची ३

(दफा ४ को उपदफा (ख) सँग सम्बन्धित ।

**प्रस्तावको ढाँचा**

१. कृषि फर्म/कृषक समुहको नाम :

२. ठेगाना :

३. सिंचाई हुने जम्मा क्षेत्रफल :

४. कार्यक्रमको उद्देश्य :

५. अपेक्षित प्रतिफल :

७. दिगोपनाको योजना : (कम्तिमा ५ बर्षको कार्ययोजना)

अख्तियार प्राप्त व्यक्तिको

नामः

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

अनुसुचि-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित ।

प्रस्तावको मूल्याङ्कन मापदण्ड

| क.स | मुल्याङ्कन को आधार | मुल्याङ्कन प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | शिर्षक/अंकभार | न्युन | मध्यम | उत्तम |
| १ | खेति गरिरहेको क्षेत्रफल | ० | ५ | १० |
| २ | हालको उत्पादनको अवस्था | ० | ५ | १० |
| ३ | सिंचाईको आवश्यकता | ० | ५ | १० |
| ४ | व्यवसायिक योजना | ० | ५ | १० |
| ५ | अन्य स्रोतबाट सिंचाईको संम्भावना | १० | ५ | ० |
| | जम्मा | | | |

- यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागी समितिले sub-criteria वनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ ।
- प्रस्तावक छनोट तथामुल्याङ्कनसमितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई वाली अनुसार sub-criteriaबनाउन तथा सो अनुसार अकंभार प्रदान गर्न सक्ने छ ।

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

अनुसूचि-५

(दफा ९ को उपदफा २ सँग सम्बन्धित ।

**सम्झौता पत्र**

आ.ब .................. बार्षिक स्विकृत कार्यक्रम अन्तरगतसाना सिंचाइ प्रवर्द्धन कार्यक्रम (साना सिंचाइ कार्यक्रम संचालन कार्यविधि -२०७७) को मिति ...................... मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार जम्मा लागतमा कार्यालयबाट ५० प्रतिशत वा रु. ........(....... हजार) मध्ये कम हुन आउने रकम वा सामाग्री र अनुदानग्राहीले ५० प्रतिशत वा बाँकी बढी हुन आउने रकम हुने व्यहोंने गरि तपशिल अनुसारको साना सिंचाई कार्यकम संञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुर गरि यो संझौता गरिएको छ ।

| क.स | कियाकलाप | जम्मा लागत | नगरपालिकाले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१. यो सम्झौता पत्र माडी नगरपालिका (प्रथम पक्ष र .................. समुहका श्री ............................ दोस्रो पक्ष बिच साना सिंचाई कार्यकम संञ्चालन गर्ने कार्यको लागी प्रयोग हुनेछ ।

२. यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. दोस्रो पक्षलाई सम्झौता उल्लेख भएबमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गनुपर्ने छ ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको सम्पन्नता पश्चात मुल्याङकन गरी रकम/सामाग्री उपलब्ध गराउनु पर्ने छ ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई रकम/सामाग्री भुक्तानी गर्दा सम्बन्धीत प्राविधिकको मुल्याङ्कक तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गरिनेछ । दास्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशनको आधारमा कार्य गर्नुपर्नेछ ।

**प्रथम पक्षको तर्फबाट**
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

**दास्रो पक्ष तर्फबाट नाम :**
नाम :
पद :
हस्ताक्षर
कार्यालयको छाप :

ठाकुर प्रसाद ढकाल
नगर प्रमुख

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३